ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

ललितपुर महानगरपालिका
पुल्चोक, ललितपुर

मिति :२०७७।०२।०७

## प्रेस विज्ञप्ति

ललितपुर महानगरपालिकाले महानगरपालिकाभित्रका २९ वटै वडाहरुमा संचालित ठूला खाद्य स्टोर, किराना पसल, फलफूल पसल, औषधि पसल लगायतका अत्यावश्यक सामग्रीका पसल बिहानदेखि बेलासम्म खुल्ला राख्नको लागि निर्देशन दिएको छ। मिति २०७७ वैशाख पाँच गते महानगरपालिको संयोजनमा ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी, विग स्टोर संचालक तथा सुरक्षा निकायका पदाधिकारीहरुको बैठकले ठूला स्टोरहरु बिहान १० बजेदेखि साँझ ७ बजेसम्म र साना पसलहरु बिहान ७ बजेदेखि बेलुका ७ बजेसम्म खुल्ला राख्ने निर्णय गरेको थियो।

महानगरपालिकाले अर्को सूचना जारी नगरेसम्म उक्त बैठकको पूर्ववत् निर्णय पालना गर्न सम्पूर्ण विग स्टोर र अन्य पसल संचालकहरुलाई अनुरोध गरिएको छ। महानगरपालिकाले महानगरवासीको सुविधा सहजतालाई मध्यनजर गर्दै यस्तो निर्णय महानगरवासीलाई जानकारी गराउन चाहन्छौं। तर, ती खाद्य स्टोर वा पसलहरु खोल्दा (संचालन गर्दा) स्टोर वा पसल संचालकहरुले निम्न कुरामा ध्यान दिनुपर्नेछ।

**ठूला पसलहरु र Big Store हरुले तपसिलका कुरामा ध्यान दिनुपर्ने।**

१) पसल अगाडि साबुन पानीले हात धुने व्यवस्था वा ह्यान्ड सेनिटाइजरको व्यवस्था गर्ने।

२) ग्राहक स्टोरभित्र जाने सम्वन्धमा एक पटकमा स्टोरमा भएको क्यास काउन्टर १ भएमा ३ जना र सो भन्दा बढी भएका १:३का दरले स्टोरभित्र सामान खरिदका लागि प्रवेश गर्न पाउने व्यवस्था मिलाउने। उदाहरणका लागि २ वटा क्यास काउन्टर छ भने ६ जना ग्राहकहरु र ३ वटा क्यास काउन्टर छ भने ९ जना ग्राहक जान सक्ने गरी व्यवस्था मिलाउने।

३) मास्क लगाएका ग्राहक मात्र लाइनमा बस्नुपर्ने।

४) सामग्री खरिद गर्न आउने ग्राहकले मास्क अनिवार्य रुपमा लगाउनुपर्ने।

५) कम्तीमा २ मिटरको फरकमा पसल अगाडि लाइनमा बस्नुपर्ने। स्टोरभित्र ग्राहकले १ मिटरको सामाजिक दुरी कायम गर्नुपर्ने।

६) पसलका कर्मचारीहरुले मास्क र सर्जिकल ग्लोम्स अनिवार्य रुपमा लगाउनु पर्ने।

७) स्टोरका कर्मचारीले परिचय पत्र अनिवार्य रुपमा देखिने गरी लगाउनुपर्ने।

ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

८) वजार अनुगमन तिनै निकाय ललितपुर महानगरपालिका, जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयवाट संयुक्त रुपमा गरिने ।

९) ठूला पसल र बिग स्टोर खुल्ने समाय बिहान १० बजेदेखि साँझ ७ बजे सम्म रहने ।

**साना खाद्य स्टोर तथा तरकारी फलफूल पसलहरुले तपसिलका कुरामा ध्यान दिनुपर्ने ।**

१) मुल्य सूची देखिने गरी राख्नुपर्ने ।

२) पसल साहु वा विग स्टोरका कर्मचारीले सामान झोलामा हालेर मात्रै दिने । ग्राहकले सामान छनौट गर्न , छुन नपाउने व्यवस्था गर्ने ।

३) पसल साहु वा कर्मचारीले मास्क र सर्जिकल ग्लोम्भ अनिवार्य लगाउनुपर्ने ।

४)पसल अगाडि सावुन पानी वा सेनिटाइजरको व्यवस्था गर्नुपर्ने ।

५)ग्राहकले १ मिटरको लाइनमा बस्नुपर्ने व्यवस्था गर्नुपर्ने

६) पसल खोल्ने समय बिहान ७ बजेदिखि साँझ ७ बजे सम्म रहने ।

श्रीभद्र ओझा
प्रमुख
सामान्य प्रशासन महाशाखा

Tel: 977-1-5522563, Fax : 977-1-5553966, Website: lmc.gov.np